सचेत नागरिक, समृद्ध समाज, समुन्नत राष्ट्र

# लोकतान्त्रिक सहभागिताका लागि नागरिक संलग्नता प्रवर्द्धन कार्यक्रम

# मार्गदर्शन पुस्तिका




CHILD DEVELOPMENT NEPAL
WE STRIVE FOR CHANGE

युवाहरुको आवाज, समुदायको शक्ति, देशको भविष्य

UNDP

# विषयसूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि (Background) | १ |
| २. | संवैधानिक अधिकार र कर्तव्य (Constitutional Right & Duties) | १-३ |
| ३. | नेपालको शासकीय प्रणाली (Governance System of Nepal) | ३-६ |
| ४. | संघीयता: विकेन्द्रीकरण र जनसहभागिता<br>(Federalism: Decentralization & People Participation) | ६-७ |
| ५. | जनसहभागिता अभिवृद्धिका रणनीतिक उपाहरु<br>(Strategies for Enhancing Participation) | ७-९ |
| ६. | योजना तर्जुमा र बजेट निर्माणमा सहभागिता<br>(Participation in Planning and Budget Formulation) | १०-१३ |
| ७. | नागरिक सभागिताका प्रमुख विधि<br>(Methods for Civic Participation) | १३-१४ |
| ८. | निर्वाचन शिक्षा र मतदाता अधिकार<br>(Election Education and Voter Right) | १५-१६ |
| ९. | सुशासन (Good Governance) | १६-१७ |
| १०. | सामाजिक समावेशीकरण (Social Inclusion) | १७-१८ |
| ११. | सूचनाको हक (Rigth to Information) | १८ |
| १२. | अबको मार्ग चित्र: हामीले के गर्ने (The Roadmap) | १८ |
| १३. | निष्कर्ष तथा अह्वान (Conclusion and Call to Action) | १९ |

## १. पृष्ठभूमि (Background)

कुल जनसंख्याको करिब ४२.५६ प्रतिशत युवा जनशक्ति भएको नेपाल हाल जनसांख्यिक लाभ (Demographic Dividend) को उच्चतम विन्दुमा छ । युवा सूचनामा पहुँच भएको र डिजिटल प्रविधिको माध्यमबाट विश्वसँग जोडिएको शक्तिशाली वर्ग हो । आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणका संवाहकका रूपमा युवा जनशक्तिलाई लिइन्छ। साहस, सिर्जनशीलता, उत्सुकता एवं उच्च आत्मविश्वासका कारण राष्ट्रको समग्र विकास र परिवर्तनमा युवाहरूको अहम् भूमिका रहन्छ । राष्ट्रिय युवा नीति, २०८२ ले १८-३५ वर्ष उमेर समूहलाई युवा भनेर परिभाषित गरेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा १६-४० वर्ष उमेर समूहका युवाको सङ्ख्या कूल जनसङ्ख्याको ४०.३५ प्रतिशत रहेकोमा, राष्ट्रिय जनगणना २०७८ अनुसार यो बढेर ४२.५६ प्रतिशत पुगेको छ (राष्ट्रिय युवा नीति, २०८२) । तसर्थ, युवाहरूलाई शासन सञ्चालन र नीति निर्माणमा सहभागी गराउनु अपरिहार्य भएको हुँदा यो जानकारीमूलक सामग्री तयार गरिएको छ । जनसंख्याको ठूलो हिस्सा ओगट्ने युवा जनशक्ति राष्ट्रको मेरुदण्ड हो । राज्यका हरेक तह र तप्कामा युवाहरूको ऊर्जा, नवीन सोच र क्षमतालाई उपयोग गर्न सकेमा मात्र देशले आर्थिक समृद्धि र सुशासनको लक्ष्य हासिल गर्न सक्छ । स्थानीय तहदेखि संघीय तहसम्मका योजना तर्जुमा, बजेट निर्माण र कार्यान्वयनको प्रक्रियामा युवाहरूको सक्रिय र अर्थपूर्ण सहभागिताले नै लोकतन्त्रलाई अझ बढी जीवन्त र जनमुखी बनाउनेछ ।

## २. संवैधानिक अधिकार र कर्तव्य (Constitutional Rights & Duties)

नेपालको संविधानले नागरिकलाई अधिकार सम्पन्न बनाउनुका साथै केही गहन जिम्मेवारी पनि सुम्पेको छ:

### (क) हाम्रा लोकतान्त्रिक र व्यक्तिगत स्वतन्त्रता (अधिकारहरू)

संविधानको भाग ३ मा धेरै मौलिक हकहरू छन्, जसलाई हामीले दैनिक जीवनमा प्रयोग गरिरहेका हुन्छौं। यसलाई तीन भागमा बाँडेर हेर्न सकिन्छ:

बोल्ने र बाँच्ने स्वतन्त्रता: हामीलाई मन लागेको विचार राख्ने, बिना हतियार शान्तिपूर्ण रूपमा भेला हुने र नेपालको कुनै पनि भागमा घुमफिर गर्ने पूर्ण स्वतन्त्रता छ ।

आर्थिक र सामाजिक अधिकार: यसमा पढ्न पाउने (शिक्षा), बिरामी पर्दा उपचार पाउने (स्वास्थ्य), र काम गर्ने पाउने (रोजगारी) अधिकारहरू पर्दछन् । यिनले हाम्रो जीवनस्तर सुधार्न मद्दत गर्छन् ।

सांस्कृतिक र पहिचानको अधिकार: आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण गर्न पाउने अधिकार यस अन्तर्गत पर्दछ, जसले नेपालको विविधतालाई जोगाउँछ ।

### (ख) नागरिकका कर्तव्यहरू (हाम्रो जिम्मेवारी)

संविधानको धारा ४८ मा हामी नागरिकले अनिवार्य रूपमा पालना गर्नुपर्ने कर्तव्यहरू स्पष्ट रूपमा तोकिएका छन् । अधिकार खोज्दै गर्दा यी चार कुरा हामीले बिर्सनु हुँदैन:

१. **देशप्रति बफादार हुनु:** नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु हाम्रो पहिलो धर्म हो ।

२. **संविधान र कानुन मान्नु:** देशको मूल कानुन (संविधान) र अन्य नियमहरूको पालना गर्नु ।

३. **राज्यले खटाउँदा सेवा गर्नु:** यदि देशलाई आवश्यक पर्यो भने अनिवार्य रूपमा सेवा गर्न तयार हुनु ।

४. **सार्वजनिक सम्पत्तिको रक्षा गर्नू:** सरकारी भवन, धारा, बाटोघाटो, र पुरातात्विक वस्तुहरू (मन्दिर, दरबार) को संरक्षण र जगेर्ना गर्नु।

### (ग) राज्यसञ्चालनको दिशा वा बाटो र समावेशिता (भाग ४ को मर्म)

संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्तहरू छन् । यसले सरकारलाई "कस्तो देश बनाउने ?" भनेर बाटो देखाउँछ:

- सबैको सहभागिता: जाति, लिङ्ग वा क्षेत्रका आधारमा कसैलाई पनि पछि नपारी राज्यका हरेक निकायमा सबैको प्रतिनिधित्व हुनुपर्छ (समावेशीकरण) ।

- नागरिकको भूमिका: नागरिकले केवल भोट हाल्ने मात्र होइन, विकास निर्माण र निर्णय प्रक्रियामा पनि सहभागी हुनुपर्छ। जब नागरिक र सरकार मिलेर काम गर्छन्, तब मात्र वास्तविक लोकतन्त्रको अनुभव हुन्छ ।

  हाम्रो अधिकारले हामीलाई "शक्ति" दिन्छ भने हाम्रो कर्तव्यले हामीलाई "जिम्मेवार" बनाउँछ । यी दुईबीचको सन्तुलन नै एउटा सफल लोकतन्त्रको पहिचान हो।

### ३. नेपालको शासकीय प्रणाली ( Governance System of Nepal)

२०७२ को संविधान अनुसार नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार सञ्चालनमा छन् । संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित छ ।

(क) **संघीय सरकार (Federal Government):** संघीय सरकार नेपालको केन्द्रीय तहको सरकार हो, जसले राष्ट्रिय एकता र महत्वपूर्ण नीतिगत विषयहरू सम्हाल्छ । यो काठमाडौँस्थित मन्त्रिपरिषद् र संघीय संसद् (प्रतिनिधि सभा र राष्ट्रिय सभा) मिलेर बन्दछ । प्रतिनिधि सभाको निर्वाचनपछि बहुमत प्राप्त दल वा गठबन्धनबाट सरकार गठन हुन्छ, जहाँ प्रधानमन्त्री नियुक्त भई मन्त्रिपरिषद् गठन गरिन्छ । यसको कार्यकाल पाँच वर्षको हुन्छ र गठन प्रक्रिया संविधानको धारा ७६ अनुसार निर्धारित हुन्छ ।

नेपालको संघीय संसद् द्विसदनीय छ, जसमा प्रतिनिधि सभा र राष्ट्रिय सभा पर्छन् । प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिक प्रणालीमार्फत सदस्य चयन गरिन्छ भने राष्ट्रिय सभामा पनि प्रदेशगत र समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएको छ । राष्ट्रिय सभा प्रदेशहरूको सभा भएकोले सबै प्रदेशको समान प्रतिनिधित्व हुन्छ ।

यस संरचनाले सामाजिक समावेशीकरण सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको छ । समानुपातिक निर्वाचन प्रणाली र संवैधानिक व्यवस्था (धारा ४२ र ३८) अनुसार महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम तथा पिछडिएका वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्ति लगायतको अनिवार्य सहभागिता सुनिश्चित गरिएको छ, जसले राज्यका सबै तहमा विविध समुदायको प्रतिनिधित्व र पहुँच बढाएको छ।

(ख) प्रदेश सरकार (Province Government): नेपाललाई ७ वटा प्रदेशमा विभाजन गरिएको छ। प्रत्येक प्रदेशमा आफ्नै सरकार हुन्छ, जसले सम्बन्धित प्रदेशको विकास र व्यवस्थापन हेर्दछ। प्रदेश सभा र प्रदेश मन्त्रिपरिषद् मिलेर बनेको सरकार प्रदेश सरकार हो । प्रदेशको कार्यकारीको नेतृत्व मुख्यमन्त्रीले गर्छन् भने प्रदेश सभा वा विधायिकीको नेतृत्व सभामुखले गर्छन्। प्रदेश सरकार प्रदेश सभाको निर्वाचनपछि बहुमत प्राप्त दल वा दलहरूको गठबन्धनले गठन गर्छ । मुख्यमन्त्री प्रदेश सभाबाट नियुक्त हुन्छन् र मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले मन्त्रिपरिषद् गठन गर्छन् । प्रदेश सरकारको कार्यकाल पाँच वर्षको हुन्छ र सरकार गठन प्रक्रिया संविधानको धारा १६८ अनुसार हुन्छ । प्रदेश सभा एक सदनीय व्यवस्थापिका हो, जसको गठन प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमार्फत हुन्छ, जसले महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम तथा पिछडिएका वर्गको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्छ (संविधान धारा १७२) ।

(ग) स्थानीय सरकार (Local Government): नेपालको संघीय शासन प्रणालीमा स्थानीय सरकार (गाउँपालिका र नगरपालिका) जनताको सबैभन्दा नजिकको सरकार हो । "सिंहदरबारको अधिकार गाउँगाउँमा" पुऱ्याउने संवैधानिक संकल्पलाई यसै तहले मूर्त रूप दिएको छ । हाल नेपालमा ७५३ स्थानीय तहहरू क्रियाशील छन्, जसको गठन गाउँ/नगर सभा र कार्यपालिकाको सम्मिश्रणबाट हुन्छ । स्थानीय तहको नेतृत्वका लागि प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष र सदस्यहरू पाँच वर्षका लागि प्रत्यक्ष निर्वाचित हुन्छन् । यस निर्वाचनमा उम्मेदवार बन्न कम्तीमा २१ वर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्छ (धारा २१५) । समावेशी लोकतन्त्रको नमूना प्रस्तुत गर्दै प्रत्येक वडामा निर्वाचित हुने ४ सदस्य मध्ये २ जना महिला र १ जना दलित महिला अनिवार्य गरिएको छ । साथै, प्रमुख र उपप्रमुखमध्ये एक महिला हुनुपर्ने बाध्यात्मक व्यवस्थाले वडास्तरदेखि नै राज्यका निर्वाचित निकायहरूमा समावेशी प्रतिनिधित्व सुनिश्चित गरेको छ ।

स्थानीय तहको कार्यक्षेत्र र सेवा प्रवाहको दायरा अत्यन्त संवेदनशील र व्यापक छ । संविधानको अनुसूची ८ ले प्रदान गरेका २२ वटा एकल अधिकारहरूले नागरिकको साथीका रूपमा कार्य गर्दछन् । व्यावहारिक उदाहरणका लागि, कानुनी पहिचान दिने व्यक्तिगत

घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद), घर नक्सा इजाजत, र स्थानीय कर प्रशासन यसका आधारभूत कार्य हुन् । साथै, आधारभूत शिक्षाको गुणस्तर सुधार, प्रारम्भिक स्वास्थ्य सेवाको पहुँच, र फोहरमैलाको दिगो व्यवस्थापनमार्फत यसले नागरिकको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्दछ । स्थानीय सडक, साना सिँचाइ र बजार व्यवस्थापन जस्ता पूर्वाधार एवं आर्थिक विकासका कार्यहरूले स्थानीय स्तरमा गतिशीलता ल्याउँदै सेवा प्रवाहलाई छिटो, छरितो र मितव्ययी बनाउन रणनीतिक भूमिका खेल्दछन् । स्थानीय शासनको वास्तविक सफलता नागरिकको 'अपनत्व' र 'निगरानी' मा निर्भर हुन्छ। नेपालको कानुनी व्यवस्थाले सात-चरणको योजना तर्जुमा प्रक्रियामार्फत टोलस्तरबाटै योजना छनोट गर्ने अवसर प्रदान गरेको छ, जहाँ नागरिकले विकासका प्राथमिकता आफैँ तय गर्छन् । यस सहभागितालाई थप सुदृढ बनाउन योजना निर्माण, बजेट कार्यान्वयन, सार्वजनिक सुनुवाइ, र सामाजिक परीक्षण (Social Audit) जस्ता औजारहरू प्रयोग गरिन्छ । संविधानको धारा ३८ र ४२ ले महिला, दलित, जनजाति लगायतका सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरेको छ । आगामी दिनमा प्रविधिमैत्री शासन (e-Governance) को विस्तार गर्दै लक्षित वर्गका लागि विशेष संवाद मञ्चहरू निर्माण गर्न सके स्थानीय लोकतन्त्र अझ जनउत्तरदायी बन्नेछ। जब नागरिकले योजनाको तर्जुमा/ निर्णयदेखि मूल्याङ्कनसम्म आफ्नै भूमिका देख्छन्, तब मात्र सार्वजनिक सेवामा अपनत्त्व, पारदर्शिता र सुशासन कायम हुन सक्छ।

| संविधानको अनुसूची | अधिकारको क्षेत्र | मुख्य कार्यहरू |
|---|---|---|
| अनुसूची ५ | संघीय अधिकार | रक्षा, सेना, केन्द्रीय बैंक (मौद्रिक नीति), परराष्ट्र मामिला, अन्तर्राष्ट्रिय व्यापार, रेल, हुलाक, र राष्ट्रिय राजमार्ग आदी |
| अनुसूची ६ | प्रदेश अधिकार | प्रदेश प्रहरी, प्रदेश लोकमार्ग, भूमिसुधार, प्रदेश लोकसेवा आयोग, र प्रादेशिक उच्च शिक्षा आदी । |

| संविधानको अनुसूची | अधिकारको क्षेत्र | मुख्य कार्यहरू |
|---|---|---|
| अनुसूची ७ | संघ र प्रदेशको साझा | फौजदारी र देवानी कार्यविधि, आपूर्ति, पत्रपत्रिका, र अन्तर-प्रादेशिक आदी व्यापार। |
| अनुसूची ८ | स्थानीय तहको अधिकार | आधारभूत र माध्यमिक शिक्षा, स्थानीय कर, फोहरमैला, साना सिँचाइ, र स्थानीय सडक आदी |
| अनुसूची ९ | तीन तहकै साझा अधिकार | शिक्षा, स्वास्थ्य, कृषि, वन र वातावरण, र विद्युत सेवा आदी |

## ४. संघीयता: विकेन्द्रीकरण र जनसहभागिता ( Federalism: Decentralization &people Participation)

संघीय संरचनाले शासन प्रणालीलाई केन्द्रबाट तल, संघ, प्रदेश र स्थानीय तह–मा अधिकार बाँडफाँड गरेर विकेन्द्रीकरण (Decentralization) लाई व्यवहारमै कार्यान्वयन गरेको छ । पहिले धेरै निर्णयहरू केन्द्रमै हुने भएकाले स्थानीय आवश्यकता ओझेलमा पर्थे, तर अहिले स्थानीय सरकारहरूले शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि जस्ता क्षेत्रमा आफ्नै योजना बनाउन र कार्यान्वयन गर्न सक्छन् । यसले सेवा प्रवाहलाई छिटो, प्रभावकारी र सान्दर्भिक बनाएको छ। उदाहरणका रूपमा, (१) गाउँपालिकाले आफ्नो क्षेत्रको प्राथमिकता अनुसार स्थानीय सडक निर्माण वा मर्मत आफ्नै निर्णय मार्फत गर्न सक्छ, (२) विद्यालय व्यवस्थापन र शिक्षक व्यवस्थापनमा स्थानीय तहको भूमिका बढेकोले शिक्षाको गुणस्तर सुधार गर्न सहज भएको छ, (३) स्वास्थ्य चौकी सञ्चालन र औषधि व्यवस्थापन स्थानीय स्तरमै हुँदा आधारभूत स्वास्थ्य सेवा पहुँचयोग्य बनेको छ। यसरी संघीय संरचनाले निर्णय अधिकारलाई तल झारेर विकासलाई स्थानीय स्तरमै केन्द्रित गरेको छ।

त्यसैगरी, संघीय प्रणालीले जनसहभागिता (People's Participation) लाई व्यापक रूपमा वृद्धि गरेको छ । स्थानीय तह सशक्त भएपछि नागरिकहरू केवल मतदाता मात्र नभई निर्णय प्रक्रियाका सक्रिय सहभागी समेत बनेका छन् । गाउँसभा, नगरसभा, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता संयन्त्र र अभ्यासहरूले जनतालाई आफ्ना आवश्यकता र गुनासो प्रत्यक्षरूपमा राख्ने अवसर दिएका छन् । उदाहरणका लागि , (१) बजेट बनाउँदा स्थानीय तहले नागरिकसँग छलफल गरेर Participatory Budgeting अभ्यास गर्ने, (२) विकास आयोजना (जस्तै खानेपानी योजना) मा उपभोक्ता समितिमार्फत नागरिक स्वयं संलग्न भएर काम गर्ने, (३) सार्वजनिक सुनुवाइमा सेवाको गुणस्तरबारे नागरिकले प्रश्न उठाएर जवाफदेहिता सुनिश्चित गर्ने, (४) महिला, दलित, आदिवासी समूहहरूको सहभागिताबाट समावेशी निर्णय प्रक्रिया मजबुत हुने। यी अभ्यासहरूले सरकारलाई पारदर्शी र उत्तरदायी बनाउनुका साथै नागरिकको स्वामित्वको भावना पनि बढाएका छन्।

अन्ततः, संघीय संरचनाले विकेन्द्रीकरण र जनसहभागिताबीच प्रत्यक्ष सम्बन्ध स्थापित गरेको छ । जब अधिकार स्थानीय तहमा पुग्छ, नागरिकहरू निर्णय प्रक्रियासँग नजिक हुन्छन् र उनीहरूको सक्रियता स्वतः बढ्छ। यसले विकासलाई मात्र होइन, लोकतन्त्रको गुणस्तर नै उकास्ने काम गर्छ। उदाहरणका लागि , (१) विपद् व्यवस्थापनमा स्थानीय तहले नागरिकसँग मिलेर छिटो राहत वितरण गर्ने, (२) कृषिमा स्थानीय योजना बनाएर किसानलाई अनुदान तथा तालिम दिने, (३) वातावरण संरक्षणमा स्थानीय अभियान (जस्तै सरसफाइ, वृक्षारोपण) सञ्चालन गर्ने। यस्ता गतिविधिहरूले संघीय प्रणाली केवल संरचना मात्र होइन, नागरिकलाई सशक्त बनाउने एक प्रभावकारी माध्यम हो भन्ने देखाउँछन्, जसले दिगो विकास, सामाजिक न्याय र राम्रो सुशासनलाई वास्तविक रूपमा कार्यान्वयन गर्न मद्दत गर्छ।

## ५. जनसहभागिता अभिवृद्धिका रणनीतिक उपायहरू (Strategies for Enhancing Participation):

- **बजेट तर्जुमाको सात-चरणको प्रक्रियामा सक्रिय उपस्थिति:** बस्ती स्तरबाटै योजना छनौट गर्ने सात-चरणको योजना प्रक्रियामा नागरिकको वास्तविक उपस्थिति सुनिश्चित गर्ने ।

उदाहरण: वडाले योजना छनौट गर्नुअघि प्रत्येक टोलमा पुगेर "तपाईंको टोलको मुख्य तीन आवश्यकता के हुन् ?" भनी लिखित सुझाव संकलन गर्ने ।

- **सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण (Public Hearing & Social Audit):** योजना सम्पन्न भएपछि त्यसको लागत, गुणस्तर र पारदर्शिताको बारेमा उपभोक्ता र स्थानीय सरोकारवालाहरूको बीचमा खुला छलफल गर्ने । उदाहरण: कुनै बाटो निर्माण सम्पन्न भएपछि वडा कार्यालयले उक्त बाटोको कुल खर्च र गुणस्तरबारे गाउँकै चौतारीमा आम भेला गराई खर्च विवरण सार्वजनिक गर्ने ।
- **उपभोक्ता समितिमा समावेशीकर (Inclusion in the Consumer Committee):** निर्माण कार्यका लागि गठन गरिने उपभोक्ता समितिमा महिला, दलित र सीमान्तकृत समुदायको अनिवार्य र अर्थपूर्ण सहभागिता गराउने । उदाहरण: खानेपानी आयोजनाको उपभोक्ता समिति गठन गर्दा मुख्य पद (अध्यक्ष, सचिव वा कोषाध्यक्ष) मध्ये एकमा महिला र लाभान्वित समूहको प्रतिनिधित्व अनिवार्य गर्ने ।
- **'हेल्लो मेयर/अध्यक्ष' वा गुनासो व्यवस्थापन संयन्त्र (Hello Mayor/Chairperson' or Grievance Handeling Mechanism):** नागरिकका गुनासोहरू सिधै प्रमुखसम्म पुग्ने गरी हटलाइन वा 'मिस कल' सेवा सञ्चालन गर्ने। उदाहरण: कुनै सरकारी कर्मचारीले ढिलासुस्ती गरेमा वा सेवा नदिएमा नागरिकले सिधै पालिकाको हटलाइन नम्बरमा फोन गरेर उजुरी टिपाउन सक्ने व्यवस्था।
- **वडा भेला र नागरिक संवाद मञ्च (Ward Assembly and Civic Dialogue Forum) :** नियमित अन्तरालमा वडा अध्यक्ष र स्थानीय नागरिकबीच प्रत्यक्ष संवाद आयोजना गर्ने । उदाहरण: महिनाको एक दिन “वडा अध्यक्षसँग नागरिक" कार्यक्रम सञ्चालन गर्ने, जहाँ नागरिकले आफ्ना साना-तिना समस्या सिधै राख्न पाउँछन्।
- **स्वयंसेवा र श्रमदानको संस्कृति (Volunteerism and the culture of labor contribution):** स्थानीय विकासमा नागरिकको अपनत्व बढाउन साना योजनाहरूमा समुदायको श्रमदानलाई प्रोत्साहन गर्ने । उदाहरण: गाउँको कुलो सफाइ वा विद्यालयको कम्पाउन्ड वाल निर्माणमा समुदायले १०% श्रमदान गर्ने, जसले गर्दा उक्त सम्पत्तिको संरक्षणमा स्थानीय आफैं जुट्छन् ।

- **खुला तथ्याङ्क र सूचनाको हक (Open Data and Right to Information):** पालिकाले गरेका हरेक निर्णय, ठेक्कापट्टा र बजेट विवरणलाई सूचना पाटी वा वेबसाइटमा सजिलै बुझिने गरी राख्ने । उदाहरण: वडा कार्यालयको भित्तामा चालु आर्थिक वर्षका सबै योजनाहरूको सूची र विनियोजित बजेट स्पष्ट देखिने गरी 'फ्लेक्स' वा पेन्टिङ गरेर राख्ने ।
- **प्रविधिमैत्री सहभागिता (Digital Participation):** स्थानीय शासनमा सूचना प्रविधिको प्रयोग गरी नागरिक र सरकारबीचको दुरी कम गर्ने र सेवा प्रवाहलाई पारदर्शी बनाउने। उदाहरण: कुनै गाउँपालिकाले आफ्नै मोबाइल एप सञ्चालनमा ल्याउन सक्छ। जहाँ नागरिकले आफ्नो क्षेत्रको बाटोमा खाल्डो देखिएमा वा ढल निकास अवरुद्ध भएमा त्यसको फोटो खिचेर एपमा अपलोड गर्न सक्छन्। उक्त उजुरी सिधै सम्बन्धित वडा कार्यालय वा प्राविधिक शाखामा पुग्दछ। वडाले उक्त समस्या समाधान गरेपछि सोही एपमा "कार्य सम्पन्न" भएको फोटो र विवरण अपडेट गर्छ। यसले गर्दा नागरिकलाई सरकार आफ्नै हातमा छ भन्ने अनुभूति हुनुका साथै सार्वजनिक सम्पत्तिको संरक्षणमा उनीहरूको सक्रियता र अपनत्व बढ्दछ।
- **नागरिक प्रतिवेदन कार्ड (Citizen Report Card):** स्थानीय तहले प्रदान गर्ने सेवाहरूको गुणस्तरबारे नागरिकबाट नियमित रूपमा 'फिडब्याक' वा रेटिङ लिने व्यवस्था गर्ने। उदाहरण: वडा कार्यालयबाट सेवा लिएर फर्कँदा सेवाग्राहीले त्यहाँ राखिएको डिजिटल मेसिन वा क्यूआर कोड (QR Code) स्क्यान गरी सेवाको सन्तुष्टि स्तर (राम्रो, सामान्य वा सुधार गर्नुपर्ने) दर्ता गर्ने।
- **समावेशी संवाद मञ्च (Inclusive Dialogue Forums):** भौतिक रूपमा उपस्थित हुन नसक्ने वा पछाडि पारिएका वर्गका लागि लक्षित गरी विशेष छलफलका सत्रहरू चलाउने। उदाहरण: अपाङ्गता भएका व्यक्ति वा टाढाका बस्तीमा बस्ने नागरिकका लागि 'अनलाइन जुम बैठक' वा टोल-टोलमा 'भिडियो कन्फरेन्स' मार्फत वडाको योजना तर्जुमामा सहभागी गराउने।

## ६. योजना तर्जुमा र बजेट निर्माणमा सहभागिता (Participation in Planning and Budget Formulation):

स्थानीय सरकारले जनताका आवश्यकता पहिचान गरी आफ्नो सभामा बजेट पेश गरी पारित गर्ने प्रक्रियालाई योजना तर्जुमा र बजेट निर्माण भनिन्छ। यो प्रक्रिया मुख्यतया सात चरणमा पूरा हुन्छ, जसले स्थानीय साधन-स्रोतलाई जनसहभागिताको आधारमा व्यवस्थित रूपमा परिचालन गर्न मद्दत गर्दछ ।

| **चरण** | **समय सीमा** | **मुख्य कार्य र प्रक्रिया** |
|---|---|---|
| चरण १: बजेटको पूर्व तयारी | पुस मसान्तदेखि फागुन/चैतसम्म | आगामी वर्षको आय-व्यय प्रक्षेपण गरी सङ्घीय अर्थ मन्त्रालयमा पठाउने। सङ्घ र प्रदेशबाट अनुदान र वित्तीय हस्तान्तरणको सीमा प्राप्त गर्ने । |
| चरण २: स्रोत अनुमान र बजेट सीमा निर्धारण | वैशाख १० भित्र | आन्तरिक राजस्वको अनुमान गरी बजेटको कुल सीमा र क्षेत्रगत सिलिङ निर्धारण गर्ने । |
| चरण ३: बस्ती र टोल स्तरबाट योजना छनोट | वैशाख मसान्तभित्र | सबैभन्दा महत्त्वपूर्ण चरण: वडा समितिले टोल/बस्तीमा भेला गराई स्थानीय आवश्यकता अनुसार योजना माग गर्ने । |
| चरण ४: वडा तहमा छनोट र प्राथमिकीकरण | जेठ १५ भित्र | वस्तीबाट आएका योजनाहरूलाई विषयगत क्षेत्र अनुसार छुट्याएर बजेट सीमाभित्र रही प्राथमिकीकरण गर्ने र पालिकामा पठाउने । |

| **चरण** | **समय सीमा** | **मुख्य कार्य र प्रक्रिया** |
|---|---|---|
| चरण ५: बजेट तथा कार्यक्रम तर्जुमा | असार ५ भित्र | वडा, शाखा र गैरसरकारी संस्थाबाट प्राप्त योजनाहरूलाई एकीकृत गरी 'बजेट तथा कार्यक्रम तर्जुमा समिति' ले अन्तिम बजेट तयार गर्ने । |
| चरण ६: कार्यपालिकाबाट बजेट स्वीकृत | असार १० भित्र | तर्जुमा समितिले तयार पारेको बजेट र नीति तथा कार्यक्रमलाई गाउँ/नगर कार्यपालिकाको बैठकले स्वीकृत गर्ने । |
| चरण ७: गाउँ/नगर सभामा बजेट स्वीकृती | असार मसान्तभित्र | असार १० मा सभामा पेश भएको बजेटमाथि १५ दिन छलफल गरी बहुमतले पारित गर्ने वा सुझावसहित फिर्ता पठाउने । |

सरकारी नीति र बजेटलाई जनमुखी बनाउन युवाले स्थानीय तहदेखि माथिल्ला निकायसम्म योजना निर्माणमा सक्रिय सहभागिता जनाउँदै युवा लक्षित कार्यक्रम प्रस्ताव गर्नुपर्छ । साथै, स्वरोजगार र सीप विकासका लागि पर्याप्त बजेट विनियोजन गराउन प्रभावकारी पैरवी र दबाब आवश्यक हुन्छ । यस प्रक्रियामा आम नागरिक, विशेषगरी युवाहरू, निम्न तरिकाले सहभागी हुन सक्छन्:

### १. टोल र बस्ती स्तरको भेलामा सक्रियता (चरण ३)

यो नागरिक सहभागिताको सबैभन्दा महत्त्वपूर्ण चरण हो।

- कसरी सहभागी हुने: आफ्नो टोलमा हुने भेलामा भौतिक रूपमा उपस्थित हुने।
- के गर्ने: आफ्नो टोलका समस्याहरू (जस्तै: बाटो, खानेपानी, बिजुली, वा खेलकुद मैदान) को सूची बनाउने र ती योजनालाई 'वडा'मा पठाउन माग गर्ने।

## २. प्राथमिकता निर्धारणमा सुझाव (चरण ४)

वडाले योजना छान्दा कहिलेकाहीँ पहुँचवालाको मात्र कुरा सुन्न सक्छ ।

- कसरी सहभागी हुने: वडा समितिले योजना छनोट गर्दा नागरिक समाज वा समूहको तर्फबाट दबाब दिने।
- के गर्ने: छानिएका योजनाहरू समावेशी छन् कि छैनन् (महिला, दलित, युवा लक्षित) र अति आवश्यक योजना छुटेका त छैनन् भनी वडा कार्यालयमा गएर सोधखोज गर्ने।

## ३. बजेट तर्जुमा समितिमा पैरवी (चरण ५)

बजेटको अन्तिम रूप दिने बेला कार्यपालिकामा विभिन्न समितिहरू हुन्छन्।

- कसरी सहभागी हुने: स्थानीय क्लब, आमा समूह वा सहकारी मार्फत आफ्ना मागहरूलाई लिखित रूपमा कार्यपालिकामा बुझाउने।
- के गर्ने: युवा स्वरोजगार, सीप विकास र उद्यमशीलताका लागि बजेट छुट्याउन "पैरवी" (Advocacy) गर्ने।

## ४. सभाको खुला छलफल र पृष्ठपोषण (चरण ६ र ७)

असार १० मा बजेट पेश भएपछि असार मसान्तसम्म छलफल चल्छ।

- कसरी सहभागी हुने: गाउँ वा नगर सभाको बैठकमा पर्यवेक्षकको रूपमा सहभागी हुन सकिन्छ (स्थानीय कानून अनुसार)।
- के गर्ने: सार्वजनिक भएका नीति तथा कार्यक्रमहरू पढेर त्यसमा भएका कमी-कमजोरीबारे सामाजिक सञ्जाल, पत्रपत्रिका वा जनप्रतिनिधिलाई प्रत्यक्ष भेटेर सुझाव दिने।

## ५. सूचनाको हकको प्रयोग र खबरदारी

योजना पारित भइसकेपछि साउन १ गतेबाट कार्यान्वयन सुरु हुन्छ।

- कसरी सहभागी हुने: आफ्नो वडामा कति बजेट आयो र कुन काममा खर्च हुँदैछ भनेर 'सूचनाको हक' प्रयोग गरी जानकारी माग्ने।
- के गर्ने: योजनाको गुणस्तर निगरानी गर्न 'उपभोक्ता समिति' मा बसेर वा बाहिरैबाट अनुगमन गरेर भ्रष्टाचार हुन नदिने।

## ७. नागरिक सहभागिताका प्रमुख विधि (Methods for Civic Participation)

### १. अनलाइन माध्यम (Online Participation)

डिजिटल प्रविधिको प्रयोग गरी घरमै बसेर सरकारी निकायलाई सुझाव दिने वा सूचना लिने प्रक्रिया हो । स्थानीय स्तरको उदाहरण: कुनै गाउँपालिकाका युवाहरूले आफ्नो वडाको बजेट कति आयो भनेर जान्न 'पालिका एप' वा फेसबुक पेजमार्फत प्रश्न सोध्ने र सार्वजनिक सुनुवाइको 'लाइभ' भिडियोमा कमेन्टमार्फत प्रश्न राख्ने।

### २. लिखित निवेदन वा बुझाउने (Written Submission)

आफ्ना आवश्यकता र मागहरूलाई औपचारिक रूपमा पत्र वा निवेदनमार्फत दर्ता गर्ने विधि। स्थानीय स्तरको उदाहरण: गाउँको एउटा 'कृषक समूह' ले सिँचाइको कुलो बनाउनका लागि सबै सदस्यहरूको हस्ताक्षर संकलन गरी वडा कार्यालयमा आधिकारिक निवेदन दर्ता गर्ने।

३. पैरवी र वकालत (Advocacy and Lobbying) निर्णय प्रक्रियामा प्रभाव पार्नका लागि सरोकारवालाहरूसँग प्रत्यक्ष छलफल र दबाब दिने कार्य। स्थानीय स्तरको उदाहरण: गाउँका 'आमा समूह' र 'बाल क्लब' का प्रतिनिधिहरू मिलेर वडा अध्यक्षलाई भेट्ने र "मदिरा नियन्त्रण" वा "खेलकुद मैदान" का लागि आगामी बजेटमा अनिवार्य व्यवस्था गर्न माग गर्ने।

४. अनुसन्धान र तथ्याङ्क (Research and Data-based Demand) हचुवाका भरमा भन्दा पनि तथ्य र प्रमाणका आधारमा आफ्ना मागहरू बलियोसँग राख्ने विधि।स्थानीय स्तरको उदाहरण: "हाम्रो टोलमा बेरोजगारी छ" भन्नुको साटो टोल विकास समितिले सर्वेक्षण

गरेर "हाम्रो टोलका ४० जना युवा वैदेशिक रोजगारीमा छन् र २० जना बेरोजगार छन्, त्यसैले यहाँ सीपमूलक तालिम चाहिन्छ" भनी तथ्याङ्क पेस गर्ने।

५. सामाजिक परीक्षण (Social Audit) विधिको अर्थ: विकास निर्माणका कार्यहरू सम्पन्न भएपछि वा सञ्चालन भइरहँदा त्यसको खर्च, गुणस्तर र पारदर्शिताको बारेमा उपभोक्ता र सरोकारवालाहरूले गर्ने सार्वजनिक समीक्षा। स्थानीय स्तरको उदाहरण: वडाको बजेटबाट निर्माण भएको 'सिँचाइ कुलो' सम्पन्न भएपछि टोलका सबै मानिसहरू जम्मा भएर कति सिमेन्ट प्रयोग भयो, कति कामदारले ज्याला पाए र इस्टिमेट अनुसार काम भयो कि भएन भनेर ठेकेदार वा उपभोक्ता समितिसँग खुल्ला छलफल गर्ने।

६. योजना छनोट प्रक्रिया (Bottom-up Planning) विधिको अर्थ: बजेट र योजनाहरू माथि (केन्द्र वा नगरपालिका) बाट लाद्नुको साटो सबैभन्दा तल्लो तह (टोल र वडा) बाट नागरिकहरूको आवश्यकता अनुसार छनोट गरेर पठाउने पद्धति। स्थानीय स्तरको उदाहरण: नगरपालिकाले बजेट बनाउनुअघि प्रत्येक टोलमा 'टोल भेला' आयोजना गर्ने। उक्त भेलामा स्थानीय बासिन्दाले आफ्नो क्षेत्रका लागि बाटो भन्दा पनि 'सामुदायिक भवन' आवश्यक छ भनी निर्णय गर्ने र सोही मागलाई वडा हुँदै पालिकाको बजेटमा समावेश गराउने।

७. लैङ्गिक तथा समावेशी सहभागिता (Gender and Social Inclusion - GESI) विधिको अर्थ: निर्णय प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यक समुदायको अनिवार्य, सक्रिय र अर्थपूर्ण उपस्थितिलाई सुनिश्चित गर्ने विधि। स्थानीय स्तरको उदाहरण: वडाको 'खानेपानी व्यवस्थापन समिति' गठन गर्दा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता गराउने र दलित वा सीमान्तकृत समुदायको व्यक्तिलाई निर्णय गर्ने पद (जस्तै: सचिव वा कोषाध्यक्ष) मा राखी उनीहरूको आवाजलाई योजनामा समेट्ने।

## ८. निर्वाचन शिक्षा र मतदाता अधिकार (Election Education and Voter Right)

निर्वाचन भनेको बालिग मताधिकारको माध्यमबाट जनताले आफ्नो प्रतिनिधि छानी शासन व्यवस्थामा सहभागी हुने एक वैधानिक प्रक्रिया हो ।

- संघीय र प्रादेशिक निर्वाचन:
  - पहिलो हुने निर्वाचित हुने वा सामान्य बोलचालमा प्रत्यक्ष (FPTP): सबैभन्दा बढी मत ल्याउने उम्मेदवार विजयी हुने।
  - समानुपातिक (PR): राजनीतिक दललाई मत दिइन्छ, र दलले पाएको कुल मतको आधारमा सिट बाँडिन्छ।
  - उम्मेद्वार हुन योग्य उमेर: २५ वर्ष (राष्ट्रिय सभाको हकमा ३५ वर्ष)

- स्थानीय निर्वाचन: यसमा पूर्ण रूपमा पहिलो हुने निर्वाचित हुने/ प्रत्यक्ष (FPTP) प्रणाली हुन्छ । मतदाताले प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडा अध्यक्ष र ४ जना वडा सदस्यहरू (जसमा महिला र दलित महिला अनिवार्य हुन्छ) लाई मतदान गर्छन् । उम्मेद्वार हुन २१ वर्ष पूरा भएको हुनु पर्दछ ।

## ६. कसले भोट हाल्न पाउँछ?

- १८ वर्ष उमेर पुगेको नेपाली नागरिक।
- मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति।

### मतदाता नामावलीमा नाम दर्ता गर्न यी  सरल चरणहरू पालना गर्नुहोस्:

- कहाँ जाने? (Location): आफ्नो पायक पर्ने जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय (CDO Office) वा इलाका प्रशासन कार्यालयमा जानुहोस्।
- के लैजाने? (Documents): आफ्नो नेपाली नागरिकताको सक्कल प्रमाणपत्र (Original Citizenship) साथमा लैजानुहोस्। (यसको फोटोकपी पनि एक प्रति बोक्नु राम्रो हुन्छ) ।

- फोटो र औंठाछाप (Biometrics) : कार्यालयमा तपाईंको लाइभ फोटो खिचिनेछ र डिजिटल औंठाछाप (Fingerprint) लिइनेछ । त्यसैले दर्ताका लागि व्यक्ति स्वयम् उपस्थित हुनु अनिवार्य छ।
- अनलाइन 'स्मार्ट' दर्ता (Online Pre-Registration): लाइन बस्ने झन्झटबाट बच्न निर्वाचन आयोगको वेबसाइटमा गई अनलाइन फारम भर्नुहोस् र Appointment (पालो) लिनुहोस् । फारम भरेपछि प्राप्त हुने 'प्रिन्ट' लिएर कार्यालय जाँदा तपाईंको काम झन् छिटो हुन्छ।
- मतदाता शिक्षा: मतदानको सहि तरिका र उम्मेदवार छनोटको आधारबारे समुदायलाई शिक्षित बनाउने ।
- अर्थपूर्ण सहभागिता: महिला, युवा र सीमान्तकृत समुदायलाई केवल मतदाता मात्र होइन, उम्मेदवार र नीति निर्माताको रूपमा अघि बढाउने।
- सही छनोट: भावनामा बगेर होइन, 'समालोचनात्मक सोँच' (Critical Thinking) का साथ उम्मेदवारको योग्यता जाँच्ने ।

## ९ . सुशासन (Good Governance)

सुशासन भनेको राज्यले नागरिकलाई दिने सेवा-सुविधा छिटो, छरितो, र निष्पक्ष ढङ्गले उपलब्ध गराउनु हो। यसले "विधिको शासन" लाई जोड दिन्छ। यसका मुख्य विशेषताहरू पारदर्शिता (Transparency), सहभागिता (Participation), विधिको शासन (Rule of Law), उत्तरदायित्व (Responsibility), जवाफदेहिता (Accountability) हुन् |

सुशासन भनेको राज्य र नागरिकबीचको विश्वासिलो र सुमधुर सम्बन्ध हो। यसले सरकारी कामलाई छिटो, सजिलो र निष्पक्ष बनाउने लक्ष्य राख्छ। “विधिको शासन” लागू हुँदा सबैले नियमअनुसार काम गर्नुपर्छ, जसले भ्रष्टाचार घटाउँछ र प्रणाली पारदर्शी तथा जवाफदेही बन्छ। तर सुशासन केवल सरकारको प्रयासले मात्र सम्भव हुँदैन—नागरिकको सक्रिय भूमिका पनि उत्तिकै आवश्यक हुन्छ। नागरिकले सूचनाको हक प्रयोग गर्ने, सरकारी कामको निगरानी गर्ने, र इमानदारीपूर्वक कर तिर्ने जस्ता काम गरेमा शासन प्रणाली अझ बलियो बन्छ।

यसलाई अझ सरल रूपमा गाउँको उदाहरणबाट बुझ्न सकिन्छ। मानौँ कुनै गाउँपालिकामा बाटो बनाउन बजेट आएको छ भने, त्यहाँका स्थानीय बासिन्दाहरू भेला भएर कुन ठाउँमा बाटो सबैभन्दा आवश्यक छ भनेर छलफल गर्छन्। त्यसपछि सोही आधारमा योजना छनोट गरिन्छ। काम सुरु भएपछि गाउँकै मानिसहरूले काम राम्रोसँग भइरहेको छ कि छैन भनेर हेर्छन्–जस्तै: गुणस्तर ठीक छ कि छैन, बजेट दुरुपयोग त भइरहेको छैन? यसलाई सामाजिक परीक्षण (Social Audit) भनिन्छ। यस्तै, विद्यालय वा खानेपानीको योजना बनाउँदा पनि स्थानीयको सुझाव लिइन्छ भने सबैलाई लाभ पुग्ने कुराको सुनिश्चिता हुन्छ।

यसरी जब सरकार पारदर्शी बन्छ र नागरिक पनि सचेत भएर सहभागी हुन्छन्, तब मात्र सुशासन व्यवहारमा लागू हुन्छ। यसले लोकतन्त्रलाई मजबुत बनाउनुका साथै विकासका कामहरू साँच्चिकै जनताको आवश्यकता अनुसार अघि बढ्छन्।

### १० सामाजिक समावेशीकरण (Social Inclusion)

नेपाल जस्तो बहुजातीय, बहुभाषिक र बहुधार्मिक मुलुकमा राज्यका हरेक संरचनामा सबै वर्ग, लिङ्ग, र समुदायको उपस्थिति गराउनु नै सामाजिक समावेशीकरण हो। नेपाल जस्तो विविधतायुक्त मुलुकमा सामाजिक समावेशीकरण भन्नाले राज्यका हरेक तह र संरचनामा सबै वर्ग, लिङ्ग, जातजाति र समुदायको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने प्रक्रियालाई बुझिन्छ। यसको मुख्य उद्देश्य ऐतिहासिक रूपमा पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी र अल्पसंख्यक समुदायलाई राज्यको मूल प्रवाहमा ल्याई अवसर र अधिकारमा समान पहुँच स्थापित गर्नु हो। संविधानको धारा ४२ ले पनि समानुपातिक समावेशीताको सिद्धान्तलाई मौलिक हकका रूपमा स्वीकार गर्दै राज्यका अंगहरूमा सबैको अपनत्व जगाउन र सामाजिक न्याय कायम गर्न यसलाई अनिवार्य बनाएको छ, जसले गर्दा राष्ट्रिय एकता सुदृढ भई दिगो शान्ति सम्भव हुन्छ।

### ११. सूचनाको हक (Right to Information)

सूचनाको हक नेपालको संविधानको धारा २७ अन्तर्गतको महत्त्वपूर्ण मौलिक अधिकार हो। यसले सरकारी कार्यालयहरूलाई नागरिकप्रति पारदर्शी र जवाफदेही बनाउँछ। नागरिकले कुनै पनि सार्वजनिक निकायमा निवेदन दिएपछि सामान्यतया १५ दिनभित्र सूचना पाउने व्यवस्था छ। राज्यको दायित्व केवल सूचना माग्दा दिने मात्र होइन, आफैंले पनि नियमित रूपमा सूचना सार्वजनिक गर्नु हो।

स्थानीय तहमा यसको राम्रो अभ्यास "स्वतः प्रकाशन" हो। जस्तै, कुनै वडा कार्यालयले आफ्नो क्षेत्रमा बनेको सडकको बजेट, खर्च, र कामको प्रगति सूचना पाटी वा वेबसाइटमा राख्छ भने नागरिकले सजिलै जानकारी पाउँछन्। यसले सरकारी काम प्रतिको शंका कम गर्छ र विश्वास बढाउँछ ।

यसलाई अझ सहभागी बनाउन नागरिकको सक्रिय भूमिका आवश्यक हुन्छ। उदाहरणका लागि, गाउँमा सार्वजनिक सुनुवाइ गर्दा स्थानीय बासिन्दाले विकास योजनाबारे प्रश्न सोध्न सक्छन् र सुझाव दिन सक्छन्। सामाजिक परीक्षण (Social Audit) मा सहभागी भएर कामको गुणस्तर जाँच्न पनि सक्छन्। यदि सूचना नदिएमा, सम्बन्धित निकाय वा राष्ट्रिय सूचना आयोगमा उजुरी गर्न सकिन्छ । यसरी नागरिकले सूचना खोज्ने, छलफलमा सहभागी हुने र निगरानी गर्ने बानी बसाल्दा नागरिक सहभागीता बढ्छ। परिणाम स्वरूप, विकासका कामहरू पारदर्शी, प्रभावकारी र जनताको आवश्यकता अनुरूप हुने गर्छन्, जसले सुशासनलाई बलियो बनाउँछ।

### १२. अबको मार्गचित्र: हामीले के गर्ने? (The Roadmap)

- **डिजिटल वकालत:** सामाजिक सञ्जाललाई मनोरञ्जनबाट माथि उठाई 'डिजिटल वकालत' (Online Advocacy) को रूपमा प्रयोग गरौं ।
- **अन्तरपुस्ता संवाद:** पुराना पुस्ताको अनुभव र नयाँ पुस्ताको नवीनतालाई जोडी सामाजिक सद्भाव कायम गरौं ।
- **आर्थिक सक्रियता:** खाली नबसी व्यावसायिक कार्य र स्वरोजगारमा संलग्न बनौं ।

- **हस्तक्षेपकारी भूमिका:** राजनीतिलाई 'फोहोरी खेल' भनेर भाग्ने होइन, यसलाई भित्रैबाट सफा गर्न  'सूचित मतदाता' र 'नीति निर्माता' बनौँ

## *१३.* निष्कर्ष तथा आह्वान (Conclusion and Call to Action)

हामी केवल भोलिका कर्णधार होइनौँ, हामी आजका साझेदार हौँ । यदि हामीले अहिले नै अर्थपूर्ण परिवर्तनको सुरुवात गरेनौँ भने देश पुनः गहिरो नैराश्यतामा फस्न सक्छ ।

*"संसारमा जुन परिवर्तन तपाईँ देख्न चाहनुहुन्छ, त्यसको सुरुवात आफैँबाट गर्नुहोस्।"*

# यूवाको सहभागिता, सुशासन र समृद्धिको आधार

असल नागरिक, जिम्मेवार व्यवहार र सक्रिय सहभागिताबाट
हामी सबै मिलेर समावेशी, न्यायपूर्ण र समृद्ध समाज निर्माण गर्न सक्छौं।
आऔं, सकारात्मक परिवर्तन आजैबाट सुरु गरौं।

## यो पुस्तिका किन महत्वपूर्ण छ ?

### जानकारी दिन्छ
नागरिक अधिकार र कर्तव्यबारे स्पष्ट बुझाई दिन्छ।

### जोड्छ र सशक्त बनाउँछ
युवालाई एकताबद्ध गरेर नेतृत्व र क्षमता विकासमा सहयोग गर्छ।

### स्वर उठाउन प्ररित गर्छ
अन्यायविरुद्ध र बोल्न र अधिकारका लागि आवाज उठाउन हौसला दिन्छ।

### सकारात्मक परिवर्तन ल्याउँछ
सहभागिताबाट समाजमा दिगो र सकारात्मक परिवर्तन सम्भव छ।

### संवाद र सहकार्य बढाउँछ
समस्या समाधानमा सहकार्य र सहमति  निर्माण गर्न मद्दत गर्छ।

### समृद्ध भविष्य निर्माण गर्छ
सचेत र जिम्मेवार युवाबाट समृद्ध र उज्जवल नेपाल निर्माण हुन्छ।

**"हाम्रो सहभागिता: हाम्रो जिम्मेवारी"**

**सम्पर्क:**
बाल विकास नेपाल
बरहथवा, सर्लाही
०४६-५४०१९४
info@cdnepal.org.np
www.cdnepal.org.np

डिजिटल पुस्तिकाको लागि स्क्यान गर्नुहोस्